# नेपाल सरकार
# शिक्षा मन्त्रालय

## व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना
## भौचरमा आधारित तालिम कार्यक्रम सञ्चालन सहयोगी पुस्तिका

### परिचय

नेपाल सरकार र विश्व बैंकबीचको सम्झौताअनुसार स्थापित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाले सरकारी, सामुदायिक तथा निजी तालिम प्रदायक संस्थामार्फत् छोटो अवधिको तालिम प्रदान गर्ने कार्यक्रम राखेको छ । भौचरमा आधारित लगानीमार्फत् परियोजना अवधिभर (४वर्षभित्र) १०,००० जना युवायुवतीलाई छोटो अवधिको तालिम प्रदान गरिने छ। यस कार्यक्रमले खासगरी सुविधाविहीन समूहका दलित, लोपोन्मुख, अति सीमान्तकृत तथा सीमान्तकृत जनजाति, र गरिबहरूका लागि रोजगारी पाउन सहयोग पुऱ्याउने छोटो अवधिको तालिममा जोड दिने छ । यस प्रकारको तालिम कार्यक्रमका लागि तालिम प्रदायक संस्थाले परियोजनाले तोकेको सेवा तथा सर्तमा रही सहभागीलाई तालिमका बारे परिचय दिने, तालिममा समावेस गराई तालिम दिने, परामर्श सेवा प्रदान गर्ने, सीप परीक्षणको व्यवस्था मिलाउने, पहिलो तीन महिना र थप तीन महिना गरी कम्तीमा छ महिनाको रोजगारीको सुनिश्चित गर्नुपर्ने व्यवस्था गरिएको छ । यस कार्यक्रममार्फत् परियोजनाले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारको मागमा आधारित गरी सीपयुक्त, उत्पादनशील र रोजगारमूलक जनशक्ति उत्पादन गरी व्यावसायिक तालिमको पहुँच र क्षमता अभिवृद्धिमा मदत पुऱ्याउने छ । यस तालिम कार्यक्रममा तालिम प्रदायक संस्थाले छनोट गरेका सहभागीलाई परियोजनाले विषयअनुसारको भौचर उपलब्ध गराउने छ। सहभागीले उक्त भौचर मूल्यअनुसार काठमाडौँ उपत्यकाका तीन जिल्लाभित्र आफूले छानेको तालिम प्रदायक संस्थामा बुझाई आफूले छानेको विषयमा (वा त्यस संस्थामा उपलब्ध तालिमका विषयमा) तालिम लिन पाउने छन् ।

### आवश्यकता र औचित्य

नेपालमा अझै पनि २५.२% जनताहरू गरिबीको रेखामुनि रहेका छन् (Human Development Report, 2009)। ठूलो संख्यामा रहेको यो समूहले रोजगारी पाउन नसकेको र सीपको अभावमा स्वरोजगारका अवसरबाट पनि बञ्चित रहनु परेको स्थिति छ । देशभित्र वा विदेशमा कथंकदाचित रोजगारी पाइहाले पनि सीप नभएका कारण श्रमिकहरूको उत्पादकत्व न्यून रहने र सम्पादित कामको गुणस्तर पनि अपेक्षित हुन नसक्दा कम पारिश्रमिकमा चित्त बुझाउन पर्ने स्थिति रहेको छ। रोजगारीको सुविधाबाट वञ्चित हुनुपरेको अवस्था सुगम क्षेत्र र माथिल्ला जातिहरूमा भन्दा दुर्गम क्षेत्र र पिछडिएका दलित, आदिवासी, जनजाति, अपांग, महिलाहरूमा बढी रहेको छ । सहरी क्षेत्रमा कामको खोजीमा आउने समूहको संख्या पनि ठूलो रहेको छ । जवसम्म गरिब र पिछडिएका जाति एवम् क्षेत्र तथा महिलाहरूको आयआर्जनको अवस्थामा सुधार गर्न सकिँदैन तवसम्म गरिबीको दर घटाउन सकिँदैन । यसै अवस्थालाई मनन गरी प्रस्तुत छोटो अवधिको तालिम कार्यक्रममार्फत् यी समूहको क्षमता बढाउन र तालिमको पहुंचसमेत अभिवृद्धि गर्नमा मदत पुऱ्याउने अपेक्षा राखिएको छ।

### उद्देश्य

सीपयुक्त र रोजगारी पाउनसक्ने श्रमिकको आपूर्ति बढाउनका लागि गुणस्तरीय तालिमको पहुंच बढाउनु यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

## तालिमका विषयहरू

तालिम प्रदान गर्ने संस्थाहरूले विषय/ट्रेड/पेसा /अकुपेसन छनोट गर्नेछन् र सीप परीक्षण समितिको स्कील स्टान्डर्डअनुसार वा सि.टि.इ.भि.टिले तोकेको पाठ्यक्रम वा अन्य आधिकारिक निकायले बनाएको वा आफ्नै संस्थाले बनाएको पाठयक्रम भए आधिकारिक निकायबाट स्वीकृत लिएको हुनुपर्ने छ । तालिम पश्चात् प्रशिक्षार्थीहरूलाई सीप परीक्षणमा समावेस गर्नुपर्ने प्रावधान अनिवार्य रूपमा राखिएको छ ।

## लाभान्वित समूह

यस कार्यक्रमबाट १६ देखि ४५ वर्ष उमेर समूहका महिला र १६ देखि ४० वर्ष उमेर समूहका पुरुष प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् । यी समूह भनेका खासगरी दलित, लोपोन्मुख, अति सीमान्तकृत तथा सीमान्तकृत जनजाति, अपाङ्ग पछाडि परेको क्षेत्रमा बसोबास गर्ने समुदाय, महिला, तथा गरिबहरू रहेका छन् ।

## तालिमको अवधि र तालिम कक्षमा सहभागीको संख्या

छोटो अवधिको तालिम भन्नाले तालिम कोर्श सामान्यतया तीन महिना (३९० घण्टा) को हुने छ । । तालिम पाठ्यक्रमको अवधि किटान गर्दा यसमा तालिम सञ्चालन गर्दा लाग्ने समय र यसको प्रयोगात्मक पक्ष वा गरेर सिक्ने (OJT) पक्षलाई समेत समावेश गरिने छ । सामान्यतया तालिम कक्षमा सहभागीको संख्या २० हुनुपर्ने प्रावधान राखिएको छ ।

## तालिम प्रदान गर्ने योग्य मानिने सस्थाहरू

छोटो अवधिको तालिम सञ्चालन व्यावसायिक तालिमका क्षेत्रमा ज्ञान तथा अनुभव भएका संस्थाहरूबाट गराइने छ । यी संस्थाहरू भनेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको विधानले संगठित गरेका आङ्गिक संस्थाहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँग सम्वन्धन लिएका निजी तथा सामुदायिक संस्थाहरू, व्यावसायिक विषयमा छोटो अवधिको तालिम सञ्चालन गर्ने उद्देश्य भएका अन्य आधिकारिक निकायमा दर्ता भएका सरकारी, निजी तथा सामुदायिक संस्थाहरू हुनेछन् । छोटो अवधिको तालिम प्रदायक संस्थामा सूचिकृत हुनका लागि मूल्यअभिवृद्धि करमा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्ने व्यवस्था रहेको छ ।

## तालिम प्रदायक योग्य (Elligible)संस्था सूचीकृतका लागि छनोटका आधारहरू

- **रोजगारीः** गत दुई वर्षमा संस्थाबाट तालिम लिएका व्यक्तिहरूको रोजगारी दर । यो दरका आधारमा संस्थालाई अंक प्रदान गरिने,
- **तालिमः** गत दुई वर्षमा संस्थाबाट तालिम लिएका व्यक्तिहरूको वार्षिक संख्या,
- **सीप परीक्षणः** गत दुई वर्षमा संस्थाबाट तालिम लिएका व्यक्तिहरूको सीप परीक्षणमा उत्तीर्ण प्रतिशत,
- **तालिमका नयाँ विषयः** गत दुई वर्षमा संस्थाबाट तालिम प्रदान गरिएको नयाँ विषयको संख्या,
- **सफ्ट स्कील तालिमः** गत दुई वर्षमा संस्थाबाट सफ्ट स्कील विषयमा तालिम लिएका व्यक्तिहरूको संख्या,
- **तालिम सञ्चालनमा प्रशिक्षकको प्रयोगः** संस्था कै जनशक्तिबाट वा बाहिरका जनशक्तिको प्रयोग गरेर गरिने गरेको छ,
- **साझेदारीः** आफ्नै संस्थाले तालिम सञ्चालन गर्ने वा अन्य संस्थासँगको साझेदारीमा गर्ने सोको अवस्था,

- **विषय वा कार्यक्रमः** संस्थाबाट सञ्चालित विषय वा कार्यक्रमको संख्या,
- **संस्थागत क्षमताः** संस्थाको तालिम सूचना प्रणालीको गुणस्तर,
- **संस्थागत क्षमताः** तालिमका सहभागीहरूको व्यक्तिगत विवरणलाई इलेक्ट्रोनिक रूपमा राख्ने गरेको नगरेको अवस्था,
- **संस्थाको भौतिक अवस्थाः** प्रयोगशाला र कार्यशालाको अवस्था र तालिम सञ्चालनका लागि ठाउँको पर्याप्तता,
- **मानव स्रोतसाधनः** तालिमका विषयअनुसारका प्रशिक्षकहरुको संख्या,
- **आर्थिक अवस्थाः** संस्थाको आर्थिक सवलता तत्काल खर्च गर्नुपर्ने स्थिति आएमा संस्थाले गर्न सक्ने वा नसक्ने,
- **संस्थाको सुशासन संरचनाः** पारदर्शि लेखा प्रणालीको व्यवस्था र प्रत्येक वर्ष लेखापरीक्षण गराउने प्रचलन,
- **तालिमको गुणस्तर र सान्दर्भिकताः** तालिमको आवश्यकता पहिचान गर्ने गरेको,
- **तालिमको सञ्चालनको लक्षित क्षेत्रः** मानव विकास सूचकांकमा पछाडि परेका जिल्लाहरूमा गरेको वा अव गर्ने योजना भएको र
- **तालिमको लक्षित वर्गः** सहभागीको छनोट गर्दा सहभागी मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाहरूबाट गर्ने ।

## तालिम प्रदायक योग्य (Elligible)संस्था सूचीकृत गर्ने प्रक्रिया

भौचरमा आधारित छोटो अवधिको तालिम प्रदायक योग्य संस्था सूचीकृत गर्ने प्रक्रिया यसप्रकार छ ।

क) छोटो अवधिको तालिम प्रदान गर्न इच्छुक संस्थाहरूसँग इच्छापत्रका लागि दरखास्त आह्वान गर्ने,

ख) संस्थाहरूबाट पर्न आएका दरखास्तहरू संकलन गर्ने र तोकिएको मापदण्डका आधारमा मूल्याङ्कन गर्ने,

ग) दरखास्त दिएका संस्थाहरूले पेस गरेको विवरणको स्थलगत निरीक्षण गरी रुजु गर्ने

घ) संस्थाले पेसगरेको विवरणको मूल्यांकन र स्थलगत रुजु निरीक्षण आधारमा प्रारम्भिक सूची तयार पार्ने

ङ) संस्थाहरूको प्रारम्भिक सूचीमा विश्व बैकको सहमति लिने र परियोजना कार्यान्वयन समितिबाट अनुमोदन गराउने र

च) उपर्युक्त प्रक्रिया पूरा भएपछि सूचीकृत संस्थाहरूको नामावली प्रकाशन गर्ने

## तालिम व्यवस्थापन

तालिम संचालन गर्नका लागि संझौता गरेका संस्थाहरूले तालिम सञ्चालन गर्नु पूर्व निम्नानुसारको व्यवस्था गर्नुपर्छ ।

- तालिमका लागि चाहिने भौतिक पूर्वाधारको व्यवस्था,
- तालिम सामग्री तथा उपकरणहरूको व्यवस्था,
- तालिम प्रशिक्षकहरूको व्यवस्था
- तालिमका प्रशिक्षार्थीको भर्ना व्यवस्था - परियोजना सचिवालयको हेल्पडेस्क/सूचनापाटीबाट जानकारी प्राप्त गरी आफ्नो संस्थामा तालिमका लागि सम्पर्क राखेका युवायुवतीका लागि सहभागी छनोट गाइडलाइनअनुसार भर्ना गर्ने र भौचरका लागि सिफारिससाथ परियोजना सचिवालयमा पठाउने । परियोजना सचिवालयले संस्थासँग भएको संझौताभित्र परेनपरेको रुजु गरी भौचर उपलब्ध गराउने छ ।

त्यसपछि ती सहभागीहरूलाई संस्थाले तालिमका बारेमा तालिम दिनु पूर्व परामर्श दिने । जस्तैः तालिमको अवधि, तालिम सञ्चालन हुने दिन, उपस्थित हुनु पर्ने समय, तालिम लिंदा पालना गर्नुपर्ने नियमहरू, तालिम लिएवापत प्राप्त हुने सीप र यसबाट आउने।)

**तालिम सञ्चालन**

तालिम सञ्चालन गर्ने कार्यका लागि संझौता गरेका संस्थाहरूले तोकिएको समय र अवधिमा स्वीकृत पाठ्यक्रम/अकुपेसनल स्किल स्टान्डर्डको प्रयोग गरी सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षमा तालिम सञ्चालन गर्नु पर्ने छ। तालिमले निर्धारण गरेका Competencies अनिवार्य रूपमा प्रशिक्षार्थीहरूले हासिल गरेको हुनुपर्ने छ। सहभागीलाई तालिम सञ्चालन हुँदाको समयमा नियमित उपस्थिति गराउने, तालिम बीचैमा छोड्नुबाट रोक्ने र तालिमको समयमा पनि निरन्तर परामर्श दिनुपर्ने हुनसक्छ।

**तालिम अनुगमन**

तालिम अनुगमन तालिम संचालनको अभिन्न अंग हो । तालिमको अनुगमन गर्दा तालिमको तयारी, तालिम संचालन र तालिम पश्चात रोजगारीका अवस्थाको समेत अनुगमन गर्नुपर्छ। तालिम अनुगमनका लागि अनुगमन निर्देशिकामा उल्लेख भएका फारामको प्रयोग गर्नुपर्ने छ। अनुगमन कार्य विभिन्न तहमा गरिने छ। कसकसले कुनकुन तहमा अनुगमन गर्ने अनुगमन प्रतिवेदन कहाँ पठाउने अनुगमनको पृष्टपोषणको प्रयोग कसरी गर्ने भन्नेबारे अनुगमन निर्देशिकामा उल्लेख गरिएको छ।

**सीप परीक्षण**

तालिम समाप्त भएपछि सहभागीहरूले तालिममा के कति सीपहरू आर्जन गरे भनी यकिन गर्न सीप परीक्षण गर्ने प्रावधान रहेको छ । यो कार्य प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदअन्तर्गत रहेको राष्ट्रिय सीप परीक्षण समितिबाट हुन्छ । अतः तालिम प्रदायक संस्थाले राष्ट्रिय सीप परीक्षण समितिसँग सम्पर्क राखी सीप परीक्षण गराउने व्यवस्था मिलाउनु पर्छ । सीप परीक्षणको खर्च प्रति सहभागी तालिम एकाइ खर्चमा समावेश गरिएको छ।

**सहभागी परामर्श प्रक्रिया**

तालिम प्रदायक संस्थाले विभिन्न समयमा (तालिम पूर्व, तालिम सञ्चालनको बेला, तालिम पश्चात् वा रोजगारीमा रहेको अवस्थामासमेत) तालिमका सहभागीहरूलाई परामर्श सेवा प्रदान गर्नुपर्छ। तालिम सञ्चालन पूर्व परामर्श दिँदा तालिममा लाग्ने समय, तालिम अवधिमा पालना गर्नुपर्ने नियमहरू, तालिमबाट सिकिने सीप, तालिम प्राप्त गरेपछिको हुने फाइदा आदि विषयमा परामर्श केन्द्रित गर्नुपर्छ । यसैगरी तालिम सञ्चालनका समयमा परामर्श दिंदा तालिम प्रति सहभागीहरूको उत्प्रेरणा जगाउन, सहभागीहरूलाई परेको समस्याहरूलाई समाधान गर्न, सहभागीहरूको नियमित उपस्थिति गराउन तथा तालिमप्रति उनीहरूको उदासिनता हटाउन र तालिममा सबै सहभागीहरूलाई टिकाउने सन्दर्भमा परामर्शलाई केन्द्रित गर्नुपर्छ । तालिम समाप्त गरी रोजगारीमा रहंदा पनि सहभागीहरूलाई परामर्श सेवा उपलब्ध गराउनुपर्छ जसमा उनीहरूलाई काममा निरन्तरता दिन र उनीहरूको कार्यक्षेत्रमा आउनसक्ने समस्यालाई समाधान गर्न मदत पुग्न सकोस्।

**परामर्शमा प्रयोग हुनसक्ने पक्षहरू**

- **सहभागीको व्यक्तिगत पक्षः** कामप्रतिको आस्था, उत्साह, जाँगर, स्वास्थ्य तथा घरायसी समस्याका बारेमा अवस्थाको पहिचान गरी परामर्श गर्ने ।
- **तालिमको ज्ञान तथा सीप पक्षः** तालिममा सिकाइएको विषय र रोजगारमा गर्नुपर्ने विषयमा सामन्जस्यता, सहभागीको कार्य संपादन स्तर, उत्पादकत्व, रोजगार वातावरणमा उनीहरूको कार्य गर्नका लागि पर्नसक्ने अप्ठ्यारा आदि ।
- **सेवाग्राहीको संतुष्टि पक्षः** सेवा प्राप्त गर्ने संस्था वा व्यक्तिले सेवा प्राप्त गरे वापत रकम तिर्छ । रकम तिरे वरावरको संतुष्टि रोजगारदाता निकायले पाउनु पर्छ । त्यसैले तालिम प्रदायक संस्थाले सहभागीलाई परामर्श दिंदा रोजगारदाता निकायको चाहना र आवश्यकतालाई ध्यानमा राखी दिनुपर्ने हुन्छ ।

## तालिम प्रदायक संस्थाका लागि दिइने प्रोत्साहन रकम

परियोजनाले तोकेको सेवा सर्तभित्र रही छोटो अवधिको तालिम सञ्चालन गर्न इच्छुक छनोट भएका संस्थाले तालिम समाप्त गरी तोकिएको अवधिसम्म रोजगारी सुनिश्चित गरेमा देहायबमोजिमको प्रोत्साहन रकम पाउन सक्नेछन् ।

संझौतापत्रमा उल्लेखित प्रतिव्यक्ति तालिम लागत खर्चका दरले हुनआउने लक्षित वर्गका सहभागीको संख्याअनुसारको प्रोत्साहन रकम तालिम प्रदान गर्ने संस्थालाई सबै किस्तामा समानुपातिक किस्तामा प्रदान गरिने छ । यो रकम नतिजाको आधारमा उपलब्ध गराइने छ ।
तल तालिकामा उल्लेखित प्राथमिकताभित्र परेका लक्षित वर्गलाई तालिम कार्यक्रममा सरिक गराएवापत पाउने प्रोत्साहन रकम निम्नानुसार रहेको छ ।

| लक्षित वर्ग | सहभागीको प्राथमिकता | प्रोत्साहन रकमको प्रतिशत |
|---|---|---|
| क | • दलित महिला पुरुष<br>• विशेष समूहः अपाङ्ग महिला तथा पुरुष, एकल महिला<br>• पूर्व कमैया तथा कमलरी | तालिम लागतको १०० प्रतिशत |
| ख | • सबै जातजातिका गरिब महिलाहरू<br>• जनजाति समूह : लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत गरी ४२ जनजाति[1])<br>• गरिब मधेसी पुरुष<br>• मानव विकास सूचकाङ्कका हिसावले पछाडि परेका २० जिल्लाका पुरुष | तालिम लागतको ८० प्रतिशत |

[1] NFDIN ऐन (२००२) अनुसार लोपोन्मुख, अतिसीमान्तकृत, सीमान्तकृत ४२ जनजातिः कुसुण्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुसवाडिया, माझी, सियार, लोमीरसिन्सावा, थुदान, धानुक, चेपाङ, संन्थाल, झागड, थामी, बोटे, दनुवार, बारामु, सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गङ्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, तोप्केगोला, डोल्पो, फ्री, मुगल, लार्के, लोप्चा, दुरा, वालुङ

| | | |
|---|---|---|
| ग | • अन्य जातिका गरिब पुरुषहरू | तालिम लागतको ६० प्रतिशत |

द्रष्टव्यः *प्रोत्साहन रकम प्रति सहभागीको यथार्थ लागत खर्चका आधारमा निकालिने छ ।*

## भौचर वितरण प्रक्रिया

- परियोजना सचिवालयमा रहेको तालिम सूचना डेस्कले तालिमका लागि परियोजनासँग संझौता भएका तालिम प्रदायक संस्थाको नामावली, ठेगाना, टेलिफोन नंवर, उनीहरूले सञ्चालन गर्ने छोटो अवधि तालिमका विषयहरू आफ्नो सूचनापाटीमा टाँस्ने छ र सहभागीलाई जानकारी उपलब्ध गराउने छ ।

- निर्धारित प्रति सहभागी एकाइ लागत खर्चको आधारमा भौचर तयार गरी भौचरमा विषय/अकुपेसन, कोड र मूल्य अंकित गरी भौचर तयार गरिने छ । तालिमका उम्मेदवारहरूले आवश्यक परेमा परियोजना सूचना डेस्कमा आई तालिम कोर्श र भौचर प्राप्त गर्ने विषयमा थप सूचनासमेत लिन सक्नेछन् ।
- परियोजना सचिवालयसँग संझौता भएका तालिम सञ्चालन गर्ने संस्थाले सहभागी छनोट गाइडलाइन अनुसार सहभागी भर्ना गर्नुपर्ने छ । भर्ना गरेपछि विषय वा ट्रेडअनुसार भौचरका लागि सचिवालयमा सिफारिशसाथ पठाउनु पर्ने छ । यसरी तालिम प्रदायक संस्थाको सिफारिससाथ आएका सहभागीलाई संस्थाको पठाएको विवरण रुजुगरी परियोजनाले भौचर उपलब्ध गराउने छ ।
- तालिम प्रदायक संस्थाले तालिम सञ्चालन कहाँ र कहिले गर्ने भन्नेबारे परियोजना सचिवालयलाई जानकारीसमेत गराउनु पर्नेछ जुन ती संस्थाहरूले पेस गरेको प्राविधिक/सेवा प्रस्तावअनुसार हुनु पर्ने छ । परियोजना सचिवालयले पनि यो विवरणलाई आफ्नो वेभसाइटमा र सूचनापाटीमा प्रकाशित गर्ने छ ।
- भौचरको भुक्तानी तालिकामा उल्लेख भएअनुसार परियोजना सचिवालयले उपलब्ध गराउने छ । भौचरको भुक्तानी सीधै बैंकबाट हुनसक्ने छैन ।

**भौचरको भुक्तानी तालिका**
भौचरको भुक्तानी निम्नानुसारको कागजाज पेस गरेको आधारमा निम्नानुसार प्रतिशतमा उपलब्ध गराइने छ ।

**भुक्तानी तालिका**

| भुक्तानी पटक | भुक्तानी प्रतिशत | भुक्तानीको अवस्था | पेस गर्नुपर्ने कागजाज | कैफियत |
|---|---|---|---|---|
| पहिलो भुक्तानी (सेतो भौचर) | १० | तालिमका सहभागीको दर्ता गरी तालिम सुरु भएको अवस्थामा | भर्ना भएको प्रमाणसहितको दर्ता अभिलेख | परियोजनाले रुजु गरेपछि |
| दोस्रो भुक्तानी (रातो भौचर) | ३० | तालिम समाप्त गरी सीप परीक्षण गराएको अवस्थामा | तालिम सम्पन्न भएको प्रतिवेदन र सीप परीक्षणमा सरिक गराइएको प्रमाण | परियोजनाले रुजु गरेपछि |
| तेस्रो भुक्तानी (पहेँलो भौचर) | २५ | कम्तीमा पनि ७० प्रतिशत सहभागीलाई ३ महिना रोजगारीको सुनिश्चितता गरेको | पहिलो ३ महिना रोजगारी पाएको प्रमाण | परियोजनाले रुजु गरेपछि |

| | | | | |
|---|---|---|---|---|
| | | अवस्थामा | | |
| चौथो भुक्तानी (निलो भौचर) | **३५** | कम्तीमा पनि ७० प्रतिशत सहभागीलाई थप ३ महिना गरी जम्मा ६ महिना रोजगारीको सुनिश्चितता गरेको अवस्थामा | थप ३ महिना रोजगारी पाएको प्रमाण | परियोजनाले रुजु गरेपछि |

सहभागीले तालिममा वा रोजगारीमा समावेश हुन नसकी ड्रपआउट भएको अवस्थामा ती सहभागीलाई उपलब्ध गराइएको भौचरको भुक्तानी दिइने छैन । साथै भौचरको भुक्तानी परियोजना वा परियोजनाले तोकेको व्यक्तिले रुजु गरेपछि मात्र दिइने छ ।

**भौचर नवीकरण व्यवस्था**

प्रत्येक विषय/ट्रेड/पेसा /अकुपेसनको भौचरको मूल्य फरक हुने छ र भौचर तोकिएको अवधिका लागि मात्र मान्य हुने छ । भौचर प्राप्त गर्ने व्यक्तिले यदि तोकिएको अवधिमा भौचरको प्रयोग गर्न नसकेमा प्रयोग गर्न नसक्नुमा आफ्नो नियन्त्रणबाहिरको कारण दर्साई निवेदनसाथ परियोजना सचिवालयमा १५ दिनभित्र आफूले प्राप्त गरेको भौचर फिर्ता बुझाउनु पर्छ । परियोजना सचिवालयले उक्त भौचर रद्द गरी अर्को समय वा अवधिका लागि अर्को भौचर दिने व्यवस्था गर्ने छ ।

## तालिम प्राप्तिपछिको अवसर

यस तालिमबाट सहभागीहरूमा व्यावसायिक सीप अभिवृद्धि हुने हुँदा निम्नानुसारका अवसरहरू प्राप्त हुन सक्नेछन्:

- स्वरोजगार सिर्जना गर्ने सोचाइ अभिवृध्दि हुने र स्वरोजगार सिर्जना हुनसक्ने
- स्थानीय श्रम बजारमा रोजगारी पाउन सकिने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारी पाउन सकिने,
- उत्पादकत्व र कार्य कुशलता बढ्ने र फलस्वरूप पारिश्रमिकमा वृद्धि हुने ।
- सीपयुक्त श्रमशक्तिबाट देशको आर्थिक विकासमा टेवा पुग्ने